**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।**

१. **निकायको स्वरुप र प्रकृतिः**
प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरि संचालित 'क' वर्गको वित्तीय संस्था ।

२. **निकायको काम कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहने छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
हाल कार्यरत कर्मचारी संख्या १,९८२ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । व्यवस्थापन समुहको नाम पद बैंकको वेबसाइट https://www.siddharthabank.com/about-us/executive-management मा हेर्न सकिनेछ ।

४. **निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट https://www.siddharthabank.com/service-networks मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट https://www.siddharthabank.com/rates-charges-limit/standard-tariff-of-charges मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारः**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंक संचालक समिति निर्णयकर्ताको रुपमा रहने छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा नायब महाप्रबन्धकलाई गुनासो सुन्ने अधिकारीको रुपमा व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ :
**श्री सुरेश राज महर्जन**
नायब महाप्रबन्धक
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालयः नक्साल, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-५९७०७२०, ०१-५९७००२०

९. **सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गका इजाजत प्राप्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु गर्दै आईरहेको छ ।

१०. **प्रमुख सूचना अधिकारीको नाम र पदः**
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यस प्रकार रहेको छ :
**श्री रामेश्वर प्रसाद बस्याल**
नायब प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालयः नक्साल, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-५९७०७२०, ०१-५९७००२०
साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई शाखाको सम्बन्धित सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन नियम, विनियम वा निर्देशिकाको सूचिः**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनिमय वा निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

| | |
|---|---|
| ➢ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | ➢ विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि |
| ➢ नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३) | ➢ उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु |
| ➢ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | ➢ नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु |
| ➢ सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०) | ➢ बैंकिङ्ग कारोबारका क्रममा पालना गर्नु पर्ने अन्य प्रचलित कानुन |
| ➢ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ | ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ |
| ➢ कम्पनी ऐन, २०६३ | ➢ श्रम ऐन, २०७४ |
| ➢ धितोपत्र सम्बन्धी ऐन, २०६३ | ➢ भुक्तानी तथा फछ्र्यौट, ऐन, २०७५ |
| ➢ सुरक्षित कारोबार ऐन, २०६३ | ➢ मुलुकी देवानी सहिता ऐन, २०७४ |
| ➢ विनिमय अधिकार पत्र ऐन, २०३४ | |

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणः**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुदै आएको छ साथै बैंकको वेबसाइट https://www.siddharthabank.com/investor-relation/quarterly-financial-reports मा समेत त्यस्तो विवरण राखिएको छ ।

१३. **तोकिए बमोजिमको अन्य विवरणः**
नियमानुसार तोकिए बमोजिम अन्य विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाइट https://www.siddharthabank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः**
यस बैंकले प्रचलित नियम कानुन बमोजिम विभिन्न प्रकारका बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, यस बाहेक छुट्टै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण https://www.siddharthabank.com**

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**
नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्वय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक मार्फत सिद्धार्थ बैंक र जर्मन सरकारको तर्फबाट के. एफ. डब्लु डेभलपमेन्ट बैंकद्धारा कार्यान्वयन गर्ने गरी नेपालको ग्रामिण तथा अर्धशहरी क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरुलाई प्रत्यक्ष कर्जा सुविधा र तालिम, परामर्श लगायत आवश्यक प्राविधिक सेवाहरु प्रदान गर्नको लागि SEDRA-II (Sustainable Economic Development in Rural and Semi-Urban Areas) नामक परियोजनामा सम्झौता भई कार्यान्वयन भईरहेको छ ।
यस बैंक र विश्व बैंक समूह अन्तर्गतको International Finance Corporation (IFC) बीच नेपालका लघु, साना तथा मझौला उद्यमी (MSME) हरुको व्यवसायमा र जलवायु वित्तपोषण (Climate Financing) मा लगानी गर्ने सम्झौता भए अनुरुप IFC ले बैंकलाई कर्जा सुविधा प्रदान गरेको छ ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**
बैंकले प्रचलित कानुन बमोजिम नियमित बैंकिङ्ग सेवा प्रदान गर्दै आएको र बैंकले गरेका कार्यहरु समावेश गरी हरेक वर्ष वार्षिक साधारण सभामा लेखापरीक्षण प्रतिवेदन सहित संचालक समितिको प्रतिवेदन पेश गर्ने गरिएको छ । यस्तै बैंकले हरेक तीन महिनामा अपरिष्कृत वित्तीय विवरण प्रकाशित गर्दै आईरहेको छ । उक्त प्रतिवेदनहरु बैंकको वेबसाइट https://www.siddharthabank.com मा अपलोड गरिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवधिः**
हाल त्यस प्रकारको वर्गिकरण गरिएको छैन ।

१९. **सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**
बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानुन बमोजिम प्रकाशन गर्न मिल्ने सुचनाहरु माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

२०. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**
वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा समेत उपलब्ध गराउने गरिएको छ ।

२१. **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ :
**श्री सुन्दर प्रसाद कडेल**
प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालयः नक्साल, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-५९७०७२०, ०१-५९७००२०

**SiddharthaBank**

**Head Office:** Naxal, Kathmandu, Nepal
**P.O.Box:** 13806, **Ph.:** 01-5970720, 5970020
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** info@sbl.com.np / customercare@sbl.com.np
**Web:** www.siddharthabank.com